स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



निखिल उप्रेती र वर्षा शिवाकोटीको मुख्य भूमिका रहने फिल्म 'कस्तुरी' निर्माण हुने भएको छ। आइतबार निर्माण टिमले फिल्म निर्माणको औपचारिक घोषणा गरेको हो। कर्पोरेट क्षेत्रमा टेन प्लास्ट इन्डस्ट्रिज प्रालिमार्फत विभिन्न उद्योग-व्यवसाय सञ्चालन गर्दै आएका धिरज अग्रवालले टेन इन्टरटेनमेन्ट प्रालिको ब्यानरबाट 'कस्तुरी' निर्माण गर्न लागेका हुन्।

**आजको विचार...**



तिहारका...
*(दुई पेजमा)*

डा. नारायणप्रसाद निरौला

कातिक ७ गते शुक्रबार प्रदर्शनमा आउने फिल्म 'मैझारा' ले प्रदर्शन अनुमति पाएको छ। केन्द्रीय चलचित्र जाँच समिति (सेन्सर बोर्ड) ले फिल्म हेर्दै युनिभर्सल (सबैले हेर्न मिल्ने) प्रदर्शन अनुमति दिएको हो। हास्य कलाकार विल्सनविक्रम राईको लेखन तथा निर्देशन रहेको फिल्म पूर्वी पहाडको जीवनशैली, संस्कृति र सामाजिक यथार्थमा बनेको हो। फिल्ममा धिरज मगर, मिरुना मगर लगायतको अभिनय रहेको फिल्ममा सङ्गीत अनमोल गुरुङ र तोरणेम्पा हाङ राईको छ।



❑ वर्ष ३१ अंक ८९ ❑ २०८२ कातिक ३ गते सोमबार 20 october 2025, Monday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### रासायनिक कारखानामा विस्फोटहुँदा ३ को मृत्यु

**(रासस/एएफपी)**

**मस्को,** कात्तिक २/दक्षिणी रूसको रासायनिक कारखानामा भएको विस्फोटमा तीन जनाको मृत्यु भएको क्षेत्रीय गभर्नर रेडी खाबिरोभले बताएका छन् । उनले विस्फोटको कारण पत्ता नलागेको तथा विशेषज्ञहरूद्वारा अनुसन्धान भइरहेको बताएका छन् । बास्कोर्तोस्तान क्षेत्रको स्टर्लिटामाकमा अवस्थित उक्त कारखानाले युक्रेनमा रूसी युद्धका लागि हतियार र गोलाबारुद उत्पादन गर्ने गरेको रूसी सञ्चार माध्यमले जनाएका छन् । युक्रेनी ड्रोनले एक महिना अघि एउटा प्रमुख तेल प्रशोधन केन्द्रलाई निशाना बनाएर सोही क्षेत्रमा आक्रमण गरेको थियो । बस्कोर्तोस्तानका गभर्नर खाबिरोभले टेलिग्राम मार्फत रासायनिक कारखानामा भएको हिंसात्मक विस्फोटले एउटा भवन ध्वस्त पार्नुका साथै तीन महिलाको मृत्यु भएको बताएका हुन । उनले बिस्पोटका कारण घाईते भएका अन्य पाँच जनालाई अस्पतालमा भर्ना गरिएको जस मध्ये दुई जनाको अवस्था गम्भीर भएको बताएका छन् ।

# तिहारलाई झिनियाँ बेचेर मनग्य आम्दानी गर्दै महिला

**रामचन्द्र रायमाझी/रासस**——

**तानसेन (पाल्पा),** असोज २/ हिन्दुहरुको दोस्रो ठूलो महानपर्व तिहार नजिकिएसँगै पाल्पाका बजाहरुमा झिनियाँ विक्री बढ्दो छ । तिहारमा दिदीबहीनीहरुले दाजुभाइलाई उपहारस्वरुप झिनियाँ दिने गर्दछन् । जसका कारण यसको माग बढ्दो छ ।

यतिबेला यहाँका महिला उद्यमीहरुलाई झिनियाँ बनाएर बेच्न भ्याइनभ्याइ छ । तिहारमा अत्यावश्यक परिकारका रुपमा मानिएको झिनियाँ र चिनिसहितका विभिन्न रोटीका परिकारहरु बनाएरै महिला उद्यमीहरुले मनग्य आम्दानी गर्दै आएका छन् । झिनियाँसहित विभिन्न तयारी रोटी उत्पादन हुन थालेपछि घरमै बनाउने रोटीका परिकारहरु समेत स्थानीयले खरिद गरेर लैजान थालेपछि घरेलु महिला उद्यमीहरु व्यस्त भएका छन् । जिल्लाका तानसेन, निस्दीको गल्धा, रामपुर नगरपालिका, रम्भा, माथागढी, रिब्दीकोट, बगनासकालीलगायतका पालिकाका महिलाहरु यति बेला झिनियाँ बनाउन र विक्री गर्नमै व्यस्त छन् । उनीहरुले यही रोटी बनाएर बिक्री गरी चाडपर्व मनाउने, घर खर्च चलाउने गर्दै आएका छन् । तानसेन नगरपालिका-३ टक्सारटोलका अधिकांस घरहरुमा यति बेला झिनियाँले सजिएका छन् । नेवारी समुदायमा बढी चलनचल्तीमा रहेका झिनियाँ रोटी तिहारका लागि तयारी अवस्थामा राखिएको छ । तानसेनका हरेक गल्ली गल्ली, पसल पसलमा रङ्गी विरङ्गी झिनियाँ रोटी राखिएका छन् । एक हप्तादेखि पाल्पाका अधिकांश पसलहरूमा झिनियाँ रोटीको व्यापार सुरु भएको छ । तानसेन टक्सार टोलकी झिनिया व्यवसायी निर्मया श्रेष्ठलाई अहिले झिनियाँ रोटीको व्यापारले भ्याइनभ्याई छ । उनले एक दशकदेखि व्यावसायिक रूपमा झिनियाँको व्यापार गर्दै आएकी छन् । उनले बिहान-साँझको फुर्सदमा झिनियाँ बनाउने गर्छिन् । दसैं र तिहार राम्रो व्यापार हुने भएकाले झिनियाँबाट डेढ-दुई लाख आम्दानी भइरहेको उनको भनाई छ ।





*-बाँकी अन्तिम पेजमा...*

## सूचना


**शुभ दिपावली २०८२** को पावन अवसरमा हाम्रा सम्पूर्ण पाठक,ग्राहकवर्ग विज्ञापनदाता, संवाददाता, शुभचिन्तक तथा कर्मचारीहरूमा **सुख, शान्ति, समृद्धि र सु-स्वास्थ्य दिर्घायुको हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं । **शुभ दिपावलीको** अवसरमा कात्तिक ३ गते सोमबारदेखि दैनिकको कार्यालय बन्द हुने हुँदा हाम्रो आगामी अंक कार्तिक ११ गते मंगलबार मात्र प्रकाशन हुने समेत जानकारी गराइन्छ । सं

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

## हार्दिक बधाई तथा शुभकामना







यस नवजनचेतना राष्ट्रिय दैनिक/शितलपाटी डटकमका सम्पादक, नेपाल पत्रकार महासंघ पाल्पाका सचिव श्री **रामचन्द्र रायमाझी**को गुल्मी जिल्ला मालिका गाउँपालिका-७ घमिर निवासी सुश्री **भिमा कार्की**का साथ वैवाहिक जीवनमा बाँधिनुभएकोमा उहाँहरुको सुखद् दाम्पत्य जीवनको कामनासहित सु-स्वास्थ्य दीर्घायु एवं अटल सौभाग्य प्राप्तिका लागि **हार्दिक बधाई तथा शुभकामना** व्यक्त गर्दछु ।

**नवजनचेतना राष्ट्रिय दैनिक/शितलपाटी डटकम परिवार**

जनचेतना दैनिकको आधिकारिक वेबसाइट
शितलपाटी.कम

## आज लक्ष्मी पूजा र कुकुर तिहार मनाइँदै

**मनिषा आले** ——

**पाल्पा,** कार्तिक २/कात्तिक कृष्ण चतुर्दशीका दिन आज लक्ष्मी र द्वारपाल कुकुरको पूजा गरी तिहार मनाइँदै छ । धनधान्य देवी लक्ष्मीको आराधना र कुकुरलाई अबिरमाला लगाइदिएर मनपर्ने खानेकुरा दिएर पूजा गर्ने चलन छ । आज घर-घरमा दीपावली गर्दै धनधान्य र एश्वर्यकी देवी लक्ष्मीको पूजा गरिँदै छ ।

सामान्यतया यमपञ्चकको दोस्रो दिन कुकुर तिहार र तेस्रो दिन लक्ष्मी पूजा पर्छ । तर यस वर्ष तिथि घटबढका कारण कुकुर तिहार र लक्ष्मी पूजा एकै दिन परेको नेपाल पञ्चांग निर्णायक समितिले जनाएको छ । सफासुग्घरर लिपपोत नगरिएको घरमा लक्ष्मीले बास गर्दिनन् भन्ने मान्यताका आधारमा आज बिहानै घर सफासुग्घर र लिपपोत गरी दीपावली गरेर लक्ष्मीलाई आमन्त्रण गरिन्छ । आज विशेषगरी घरका झ्याल, ढोका, चोटा, कोठा, सैार, कौसी, अटाली, भर्याङ्लगायत स्थानमा सरसफाइ गरी दीपावली गरिन्छ । लक्ष्मी पूजा गरिने कात्तिक कृष्ण औंसीको रातलाई सुखरात्रि पनि भनिन्छ । लक्ष्मी पूजाका लागि आज साँझ आँगनदेखि मूलढोका हुँदै लक्ष्मी स्थापना गरी पूजा गर्ने कोठासम्म गाईको गोबर र रातोमाटाले लिपपोत गरेर चामलको पीठो र अबिरले लक्ष्मीको पाइला बनाई लक्ष्मी आउने बाटो देखाइन्छ ।





*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## तिहार सबैको शुभ रहोस्

यतिबेला नेपालीहरुको दोस्रो महान् चाड तिहार नेपालीहरुको घर आँगनमा भित्रिसकेको छ । हिन्दु नेपाली दिदीबहिनी दाजुभाइ तिहारको तयारीमा जुटिसकेका छन् । आँगनमा ढकमक्क फुलेका मखमली र सयपत्रीले तिहारको उमंग थपिसकेको छ । कात्तिक कृष्ण त्रयोदशी दिनदेखि सुरु भएको यो पर्व पाँच दिनसम्म मनाइन्छ । कात्तिक शुक्ल पक्षको द्धितीयामा भाइटिका लगाएपछि तिहार सम्पन्न हुन्छ । हिन्दु धर्मशास्त्रले तिहारको पाँच दिनलाई यमपञ्चकको रुपमा व्याख्या पनि गर्छ । काग, कुकुर, गाई-गोरु आदिको पूजा गरी जनावर एवम् प्रकृतिसँगको मानवसम्बन्ध दर्शाउने पर्वका रुपमा लिइने यस तिहार पर्वले सामाजिक, सांस्कृतिक र धार्मिक महत्व बोकेको हुन्छ । साथै दाजुभाइ-दिदीबहिनीको सुमधुर स्नेहलाई बलियो बनाउन पनि यस चाडले विशेष भूमिका निभाएको हुन्छ ।

सेलरोटी खाइनु, दसैँ जस्तै पिङ खेल्नु, मिठाइ खानु आदि यो पर्वका विशेषता हुन । त्यसबाहेक यो पर्वमा देउसी र भैली पनि खेलिन्छ । विशेषगरी नाचगान गर्दै खेलिने देउसी भैली तिहारको अरू चाडभन्दा पृथक विशेषता हो । यसलाई उज्यालोको पर्व पनि भनिन्छ । आफ्ना दिदीबहिनीसँग लगाइने टीका र गरिने दीर्घायु तथा समृद्धिको कामनाले दिदीबहिनी तथा दाजुभाइबीचको सम्बन्ध प्रगाढ बनाउन सघाउ पुर्‍याउँछ । यसर्थ पनि तिहारको सामाजिक र भावनात्मक महत्व बढी छ । भाइ पूजामा प्रयोग गरिने सप्तरंगी टीका, मखमली माला लगायतका सामग्री दीर्घायु र सुस्वास्थ्यका प्रतिक मानिन्छन् । भाइटीकाका क्रममा प्रयोग गरिने ओखर, तिल, तेलको घेराले भने दीर्घ जीवनको प्रतिनिधित्व गर्छन् जसका कारण यी सामग्रीलाई दीर्घायु र स्थायित्वका प्रतिकका रूपमा लिने गरिन्छ । तिहारमा जुवातास खेल्ने, देउसी-भैलोको नाममा जबरजस्ती रकम असुल्ने, मादकपदार्थ सेवन गरी होहल्ला मच्चाउने, गुन्डागर्दी गर्ने, क्षति पुग्ने गरी पटका पड्काउनेजस्ता विकृति भने बढ्दो छ । यो अत्यन्त दुखद् हो । यस्ता गतिविधिहरुलाई नियन्त्रण गर्न आवश्यक छ । पर्वलाई जमघट हुने, एकापसमा मित्रता नवीकरण गर्ने, गुम्सेको मन फुकाउने र हृदयलाई फराकिलो बनाउने अवसरका रूपमा परिणत गर्न सक्नुपर्छ । यसर्थ तिहार पर्वले एकापसमा आपसी सद्भाव, आदर-सम्मान, मेलमिलाप, भातृत्व र सहिष्णुता प्रदान गर्न सकोस्, सबैमा खुसीयाली, उमङ्ग छाओस्, समस्त नेपाली दाजुभाइ-दिदीबहिनीहरुमा सुमधुर स्नेहभावसहित उन्नति-प्रगतिको कामना । साथै हाम्रा पाठक एवं ग्राहकवर्ग, विज्ञापनदातासहित समस्त शुभचिन्तकहरुमा हार्दिक शुभकामना !

### Opinion @ Social Network

कहिलेकाहीँ मान्छे रुँदैन,
तर भित्रभित्रै हजारपटक भत्किन्छ
आँसु त देखिने हुँदैन, तर आत्माले हरेक चोट महसुस गर्छ ।
*(कृष्ण पाण्डेको फेसबुक स्टाटसबाट www.facebook.com/Krishna.Panday)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# तिहारका सुन्दर पक्ष



**डा. नारायणप्रसाद निरौला**

> *सूर्य र विश्वकर्मा पुत्री संज्ञाका गर्भबाट जन्मिएका यमराज दक्षिण दिशाको रक्षक अर्थात् दिक्पाल हुन् । यिनको मुख्य काम पापीहरूलाई नरकको यातना दिएर पापबाट मुक्त गराउनु हो । यमराजकी पत्नीको नाम हेममाला अर्थात् धूमोर्णा र बहिनीको नाम यमुना हो ।*

शाब्दिक रूपमा पनि तिहारको अर्थ हर्ष-उल्लासको पर्व भन्ने हुन्छ । यो एक मुख्य चाड भएकाले पनि यसको महिमा विशेष रहेको पाइन्छ । कार्तिक कृष्णत्रयोदशीदेखि कात्तिक शुक्ल द्वितीयासम्म मनाइने यमपञ्चक विशेष नै तिहार हो । काग, कुकुर, लक्ष्मी, गाई, गोरु, मह, अनि भाइको पूजा गरेर मनाइने तिहारका हरेक दिनको महिमा विशेष रहेको पाइन्छ । मूलत: यमसम्बद्ध विषयवस्तुको विशेष पूजा अर्चनासहित सर्वकल्याणको कामना यस पर्वका विशेषता हुन् । पाँच दिनसम्म यमसम्बद्ध विषवस्तुको पूजा हुने समयलाई यमपञ्चक भनिएको हो । यो समयमा यमराज पनि आफ्नी बहिनी यमुनाकहाँ टीका लगाउन जाने हुँदा कालदण्डरूपी भय हुँदैन भन्ने धार्मिक एवं लौकिक मान्यता रहेको छ । यसैले अष्टचिरञ्जीवीको पूजासहित दीर्घायु आरोग्यको कामना गर्दै दिदीले भाइलाई टीका लगाइदिने चलन रहिआएको छ । मृत्युका देवताका रूपमा यमराजलाई चिनिन्छ । सूर्य र विश्वकर्मा पुत्री संज्ञाका गर्भबाट जन्मिएका यमराज दक्षिण दिशाको रक्षक अर्थात् दिक्पाल हुन् । यिनको मुख्य काम पापीहरूलाई नरकको यातना दिएर पापबाट मुक्त गराउनु हो । यमराजकी पत्नीको नाम हेममाला अर्थात् धूमोर्णा र बहिनीको नाम यमुना हो । यमराजको लोकलाई यमलोक भनिन्छ भने यिनले हातमा कालदण्ड लिएका हुन्छन् । यमराज र शनिश्चर दाजुभाइ हुन् । तिहारका समयमा मृत्युका देवता यमराज पनि बहिनी यमुनाकहाँ टीका लगाउन जाने हुँदा मृत्यको भय हुँदैन भन्ने मान्यता रहेको छ । यसैले यमसम्बद्ध विषयवस्तुको चर्चा एवं पूजा यस अवसरमा हुने गर्दछ । यमदूतका रूपमा काग, कुकुरको पूजा, धनधान्य समृद्धिका लागि लक्ष्मीको पूजा, यसैगरी रौरव नामक भयानक नरकबाट तारण गर्नसक्ने सामर्थ्य राख्ने गाईको पूजाहुने गर्दछ ।

**काग तिहार :** तिहारको पहिलो दिन कागतिहार हो । यसदिन अर्थात् कार्तिक कृष्ण त्रयोदशीका दिन कागपूजा गरिन्छ । काग अत्यन्त चलाख पंक्षी हो । काग सर्वभक्षी प्राणी हो । यसको पूजा गर्नुका विभिन्न कारण छन् । कागले सबैलाई समान दृष्टिले हेर्छ भने यसले अन्नबालीमा लाग्ने कीरा-फट्याङ्ग्राहरू खाइदिन्छ । कागलाई यमराजको सन्देश सुनाउने यमदूतका रूपमा पनि लिइन्छ । काग यमराजको अत्यन्त प्रिय भक्त पनि हो । त्यसैगरी हाम्रो समाजमा प्रचलित काकगवेषणा, काकन्याय, काकबलि आदि विविध शब्द कागसँगै सम्बन्धित छन् । यसदिन धन्वन्तरिजयन्ती पनि मनाइन्छ । यसै दिन समुद्र मन्थनका बेला उत्पत्ति भएका आयुर्वेदका प्रवर्तक धन्वन्तरी ऋषिको सम्झनामा धन्वन्तरी जयन्ती पनि मनाइन्छ । यसका साथै धनतेरसका रूपमा पनि यसदिनलाई विशेष लिइन्छ ।

**कुकुर तिहार :** तिहारको दोस्रो दिन कुकुरतिहार हो । कार्तिक कृष्ण चतुर्दशीलाई नरक चतुर्दशी पनि भनिन्छ । यमका दूत कुकुरको पूजा गर्नाले नरकको भोग गर्नुपर्दैन भन्ने मान्यता पनि रहेको छ । यसैले यस दिनलाई नरक चतुर्दशी पनि भनिन्छ । कुकुर यमराजको अर्को प्रियभक्त हो । कुकुरलाई आज्ञापालक एवं रक्षकमात्र मानिँदैन, विभिन्न अपराध गर्ने अपराधीहरू पत्ता लगाउने, अध्ययन-अनुसन्धान गर्ने कार्य पनि कुकुरले गर्छ । कुकुरले घरको रेखदेख तथा चोर-डाँकाबाट बचाउने कार्य गरी मानिसलाई सहयोग गर्दै आएको छ । त्यसै गरी कुनै प्राकृतिक प्रकोप तथा दैवी विपत्ती हुने बेलामा पूर्वसूचनासमेत दिन्छ । कुकुरलाई भैरवको बाहन पनि भनिन्छ । यसैले यो अवसरमा कुकुरको विशेष पूजा हुने गर्दछ ।

**लक्ष्मी पूजा :** कार्तिक कृष्ण औँसीका दिन लक्ष्मीपूजा गरिन्छ । मध्यरात्रिव्यापिनी औँसी यस पर्वका निम्ति ग्राह्य मानिन्छ । धन्यधान्य एवं ऐश्वर्यकी देवी लक्ष्मी हुन् । औँसीको रातमा लक्ष्मीको आगमन हुने, जसको घरमा उज्यालो छ त्यही लक्ष्मीको वास हुने भएकाले यो रातमा दीपावली गरी लक्ष्मीलाई आह्वान गर्ने रात्रिका हरेक प्रहरमा पूजा गर्ने विधि विधान रहेका छन् । लक्ष्मीकै प्रसाद प्रयोग गरी आफ्ना दराज, सेफ, भण्डार आदिमा स्वस्तिक एवं शुभलाभ लेख्ने गरिन्छ । यसै गरी यसदिन भैली खेल्ने पनि चलन रहेको छ । भगवती आद्यमातृशक्ति हुन् । सम्पूर्ण देवताको अंगबाट प्रादुर्भाव भएकी कमलको आसनमा विराजमान देवीलाई महालक्ष्मी भनिन्छ । जसलाई त्रिगुणमयी प्रकृतिको नामले पनि पुकारिन्छ । महिसासुरको बध पनि यिनै देवीले गरेकी हुन् । विचित्र रूप, कान्ति एवं सौभाग्यले सुशोभित देवीका हजारौँ हात छन् । जसलाई अठारवटा हात भएकी देवीका रूपमा पूज गर्ने चलन छ । उनका हातमा अक्षमाला, कमल, वाण, खड्ग, वज्र, गदा, चक्र, परशु ( बञ्चरो), त्रिशूल, शङ्ख, घण्ट, पाश, शक्ति, दण्ड, ढाल, धनुष, पानपात्र र कमण्डलु विभूषित छन् । विशेषत: भगवती लक्ष्मीका आठ रूप रहेका छन् ।

**१) आद्य लक्ष्मी :** आद्य लक्ष्मी महालक्ष्मी हुन् । यिनको पहिलो अवतार भृगु ऋषिकी छोरीको रूपमा भएको थियो । **२) धन लक्ष्मी :** धन र वैभवबाट परिपूर्ण गर्ने वाली लक्ष्मीको एक रूप धन लक्ष्मीको हो । भगवान विष्णुले पनि एकपटक कुबेरसँग धन उधारो लिनु परको थियो । उक्त समयमा धनलक्ष्मीले नै उक्त ऋणबा मुक्त गराएको कथा पाइन्छ । **३) धान्य लक्ष्मी :** अन्नकी देवीलाई धान्यलक्ष्मी भनिन्छ । अन्न अनाजबाट प्राप्त हुने धनकी देवी धान्यदेवी हुन् । अन्नादि वस्तुको कल्याण गर्ने देवीका रूपमा धान्यदेवीलाई पूजा गरिन्छ । **४) गज लक्ष्मी :** पशु धनकी देवी गजलक्ष्मी हुन् । गजलक्ष्मीले भगवान् इन्द्रलाई सागरको गहिराइबाट धन झिक्न धनलक्ष्मीले मद्धत गरेको कथा पाइन्छ । पशु धनकी देवीको रूपमा गजलक्ष्मीको पूजा आराधना गरिन्छ ।

**५) सन्तान लक्ष्मी :** सन्तनको रक्षा गर्नेवाली देवी सन्तान लक्ष्मी हुन् । सन्तानलाई पनि धन मानिन्छ । विशेषत: यिनी बालबच्चाकी देवी हुन् । आयु प्रदान गर्ने देवीका रूपमा पनि यिनको आराधना गरिन्छ । दुई घोडा, एक तरवार, एउटा ढाल, दो घडे, दुई हात अभय मुद्रा प्रदान गर्नेबाली लक्ष्मीको काखमा एक बच्चा रहेको पाइन्छ ।

**६) वीरा लक्ष्मी :** युद्धमा शक्ति प्रदान गर्ने देवी वीरा लक्ष्मी हुन् । शक्ति रूपी धनकी देवीका रूपमा पनि यिनको उपासना हुने गर्दछ । वीरता प्राप्तिका निम्ति पनि यिनको उपासना हुने गर्दछ । **७) विजया लक्ष्मी वा जाया लक्ष्मी :** विजयाको अर्थ जित हो । विजया लक्ष्मी जितकी प्रतीक हुन् । जसलाई जाया लइमी पनि भनिन्छ । रातो वस्त्र लगाएकी, कमलको आसमा विराजमान हातमा हतियार धारण गरेकी विजया लक्ष्मीको स्वरूप बताइएको छ ।

**८) विद्या लक्ष्मी :** विद्याकी देवीलाई विद्या लक्ष्मी भनिन्छ । ज्ञान, कला, साहित्य एवं संगीतकी देवी साक्षत् सरस्वती हुन् । कमलमा बसेकी, चारहात भएकी, सेतो वस्त्र धारण गर्ने, दुई हातमा कमल र दुई हात वर मुद्रा प्रदान गर्ने देवीको स्वरूप बताइएको छ ।

**गाई पूजा :** प्रतिपदाबिद्ध चन्द्रोदयपूर्वको औँसी गाई पूजाका निम्ति उत्तम मानिन्छ । यसैले शास्त्रले निर्देश गरेको उत्तम समयका दिन गाईको विशेष पूजा हुने गर्दछ । गाईलाई पनि लक्ष्मीकै प्रतीक मानिन्छ । देव, पितृ एवं मनुष्य ऋणबाट मुक्त गराउनसक्ने सामर्थ्य गाईमा रहेकाले पनि गाईको विशेष पूजा हुने गर्दछ । कुनै पनि धार्मिक वा सामाजिक संस्कार गर्नुअघि गाईको गोबरले घर-आँगन लिपपोत गर्ने, गाईको गहुँत सबैतिर छर्केर आफना घर-कोठा-चोटा पवित्र तुल्याउने, यसैगरी प्रायश्चित्तस्वरूप गोदान गर्ने विधि विधान रहेका छन् । यसैले तिहारमा गाईको विशेष पूजा हुने गर्दछ ।

**गोबर्द्धन पूजा :** गोरु तिहार, हल तिहार वा गोवर्धन पूजा चौथो दिन मनाइन्छ । पौराणिक कथानुसार गोवर्धन गोकुलनजिकै रहेको एक पर्वत हो । कृष्ण भगवान् गोकुलमा गोपालहरूसँग बस्नुहुन्थ्यो । गोपाल देवताका राजा इन्द्रको पूजा गर्ने गर्दथे तर इन्द्रबाट उनीहरूले केही पाउँदैन थिए । भगवान् श्रीकृष्णले एकदिन गोकुलवासीलाई केही नदिने इन्द्रको पूजा गर्नुभन्दा खनिज, घाँस, पानी, दाउरा दिने गोवर्धन पर्वतको पूजा गर्नु राम्रो हो भन्ने कुरा राख्नुहुन्छ । सबैजना त्यसै गर्न राजी हुन्छन् र गोवर्धन पर्वतको पूजा हुन्छ । आफ्नो सट्टा गोवर्धन पर्वतलाई पूजा गरेकाले रिसाएका इन्द्रले गोकुलमा असिना र पानीको घनघोर वर्षा गराउँछन् । यसपछि भगवान् श्रीकृष्णले गोवर्धन पर्वतलाई हातले उचालेर सबै गोकुलवासीलाई आश्रय दिनुहुन्छ । अन्त्यमा आफ्नो हार मानी इन्द्रले पनि श्रीकृष्णसमक्ष माफी मागेका पौराणिक कथाका आधारमा यो पर्व मनाइन्छ । यसैले यसदिन घरघरमा गाईको गोबरले गोवर्धन पर्वतको बनाई पूजा गरिन्छ । यसैदिन गोरुको पनि विशेष पूजा हुने गर्दछ । यसदिन म्हपूजा पनि गर्ने परम्परा रहेको छ । यसका साथै नेपाल संवत्को पनि नयाँ वर्ष यसै समयबाट आरम्भ हुन्छ । **भाइ तिहार :** तिहारको अन्तिम दिन अर्थात् कार्तिक शुक्ल द्वितीया तिथिका दिन यो पर्व विशेष उत्साहका साथ मनाइन्छ । यो पर्व दिदीले भाइलाई र बहिनीले दाजुलाई अनि त्यसैगरी भाइले दिदीलाई र दाजुले बहिनीलाई विशेष मान-सम्मानका साथ विधिपूर्वक पूजाआजा गर्ने, मेवा-मिष्ठान्न आदि मनपर्ने कुरा ख्वाउने, दिदीबहिनीलाई दान-दक्षिणा एवं वस्त्र आदि दिने परम्परा छ । परापूर्वकालमा बहिनी यमुनाले यसै दिन दाजु यमराजलाई विशेष मान-सम्मान गर्दै भाइपूजा गरेको धार्मिक महत्व छ । यमपञ्चकका पाँच दिन यमराजले यमुनाको घरमा बास गर्छन् भन्ने धार्मिक मान्यता रहेको छ । यसैले यस अवसमा दीप कलश, गणेशको पूजा गरिन्छ, दीर्घायुको कामना गरी कार्मण्डेयादि अष्टचिरञ्जीवीको पूजा हुन्छ, ओखरलाई यमराज र बिमिरोलाई यमुनाका रूपमा पूजा गरिन्छ । यसपछि भाइलाई तेलको घेरा लगाइन्छ, सप्तरङ्गीठा कुरा खान दिइन्छ अनि दीर्घायु र आरोग्यको कामना गरिन्छ । यी सबै तिहारका सुन्दर पक्ष हुन् । चाडपर्व हाम्रा चिनारी हुन् । हाम्रा आस्था र विश्वासका धरोहर हुन् । जीवनलाई सरल, सहज र सुन्दर बनाउन नै वेदमा कर्मकाण्डको विधान गरिएको छ । जसको प्रयोजन समाजलाई सुन्दर बनाउनुका साथै इहलोक र पारलौकिकसुख प्रदान गर्नु हो । यस वर्षको तिहार पनि हर्षोल्लासले भरिपूर्ण होस्, तिहारको यहाँलाई हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : श्रमको उचित मूल्यांकन नमिल्ला। चिताएको कार्यसम्पादन हुन समय लाग्नेछ। | **तुला** : परिश्रम अनुसार परिणामको प्राप्ति नहोला। व्यवसायमा पारदर्शिता राख्नुहोस्। |
| **वृष** : विद्यार्थीहरूलाई पठनपाठनमा मन लाग्नेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ। | **वृश्चिक** : कर्मफलको प्राप्ति हुनाले मन प्रसन्न रहनेछ। व्यवसायमा लाभ रहनेछ। |
| **मिथुन** : मन जित्ने प्रयास गर्नुहोला। परिवारसँग मनोरञ्जनात्मक समय बित्नेछ। | **धनु** : पेशामा प्रभुत्व स्थापित गर्न सकिनेछ। अरुको कुरा सुनेर कुनै निर्णयमा नपुग्नुहोस्। |
| **कर्कट** : अनावश्यक कुराको पछि लाग्दा समस्या निम्तिनेछ। सफलता मिल्नेछ। | **मकर** : भाग्यको साथ पाइनेछ । संवैधानिक पदको मर्यादा राख्नुहोला। |
| **सिंह** : पारिवारिक सद्भावमा वृद्धि हुनेछ। स्वादिष्ट भोजनको आनन्द मिल्नेछ। | **कुम्भ** : खानपिनमा ध्यान राख्नुहोला। उपयुक्त समयको प्रतीक्षा गर्नुहोस्। |
| **कन्या** : नयाँ योजनाहरू बन्नेछन्। उद्योग र व्यापारमा विशेष लाभ मिल्नेछ। | **मिन** : साझेदारी व्यापारमा लाभ हुनेछ। दाम्पत्य जीवन सुमधुर रहनेछ। |

## शिक्षा

# पोखरा विश्वविद्यालयबाट पहिलोपटक एआई विषयमा स्नातक कार्यक्रम सञ्चालन




पोखरा विश्वविद्यालयले पहिलोपटक आङ्गिक क्याम्पसबाट कृत्रिम बौद्धिकता र तथ्याङ्क विज्ञान विषयमा स्नातकतहको कार्यक्रम (बीएआइडीएस) सुरु गरेको छ । सो विश्वविद्यालयको आङ्गिक क्याम्पसका रूपमा काठमाडौँ उपत्यकामा सञ्चालित ललितपुरको च्यासलस्थित श्रमिक शान्ति क्याम्पसले यस शैक्षिक सत्रबाट उक्त विषयमा भर्ना खोलेको आज आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । विश्वविद्यालयका विज्ञान तथा प्रविधि सङ्कायका डीन सह प्रा बुद्धिराज जोशीले बजारको आवश्यकता र समयको मागलाई सम्बोधन गर्दै एआई विषयमा अध्यापन गराउने निर्णय भएको जानकारी दिए । विश्वविद्यालयको अन्तर्राष्ट्रिय सम्बन्धन केन्द्रका कार्यकारी निर्देशक सह प्राडा दीपाञ्जल श्रेष्ठले एआईका क्षेत्रमा बजारमा आवश्यकभन्दा न्यून जनशक्ति रहेको अवस्थामा विश्वविद्यालयले आङ्गिक क्याम्पसबाट यो कार्यक्रम सुरु गरेको बताए । विगतमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत रहेको श्रमिक शान्ति कलेजको शैक्षिक व्यवस्थापन अबदेखि पोखरा विश्वविद्यालयले गर्ने भएको हो । कलेजले कम्प्युटर विज्ञान र सूचना प्रविधि विषयमा स्नातक ( बीसीएसआइटी) र मानविकी सङ्कायमा कानुनको स्नातक (बिएआइएलबी) पनि सुरु गरेको छ । यी कार्यक्रममा प्रतिकोर्स रु चार लाख ३० हजारदेखि रु चार लाख ९२ हजारसम्म शुल्क निर्धारण गरिएको र २० प्रतिशत विद्यार्थीलाई छात्रवृत्तिमा पढाइने विश्वविद्यालयका मानविकी तथा सामाजिक शास्त्र सङ्कायका डीन डा.सुरेन्द्र तिवारीले बताए । विश्वविद्यालयका उपप्रशाक सानु घलेका अनुसार विश्वविद्यालयमा पाँच आङ्गिक क्याम्पस, तीन संयुक्त आङ्गिक क्याम्पस र ५८ सम्बन्धन प्राप्त क्याम्पसमा गरी करिब ४० हजार विद्यार्थी रहेका छन् । *-रासस*

# विदेशी श्रमिक उत्पादन गर्ने शिक्षा प्रणाली र सुधारको खाँचो



काठमाडौँ जिल्लाको तारकेश्वर नगरपालिकामा रहेको श्री काली देवी माध्यमिक विद्यालयले एसईई उत्तीर्ण विद्यार्थी भाइबहिनीहरूका लागि बधाई तथा सम्मान कार्यक्रम आयोजना गरेको थियो । उपत्यकाको सुदूर भूगोलमा रहेको एउटा सामुदायिक विद्यालयले गरेको अटुट मिहिनेत र प्राप्त गरेको नतिजा आफैंमा उत्कृष्ट थियो । ९२ मा ७९ जना विद्यार्थी उत्तीर्ण गराउँदै गर्दा २ जना भाइबहिनीहरूले ४ जीपीएसहित झन्डै ८६ प्रतिशत रिजल्ट ल्याउनु चानचुने कुरा होइन । कार्यक्रममा शिक्षक, विद्यार्थी, अभिभावकलगायत नगरपालिका र विद्यालयसँग सम्बन्धित सरोकार समूहहरू खुसी देखिन्थे । भौतिक पूर्वाधार विकास तथा विद्यालय व्यवस्थापन समितिको तर्फबाट खुसी साट्न कार्यक्रममा उपस्थित भएको मसँग भने मेरा आफ्नै थुप्रै प्रश्नहरू सल्बलाइरहेका थिए । देशैभर यतिखेर एसईईको परिणामलाई लिएर चर्चा परिचर्चा भइरहेका छन् । राम्रो परिणाम ल्याउने विद्यालय र विद्यार्थीहरूका लागि बधाईका औपचारिक, अनौपचारिक कार्यक्रमहरू भइरहेका छन् । कक्षा १२ सम्म विद्यालय शिक्षा नै भए पनि एसईईलाई एसएलसीको तिर्सना मेट्ने अवसर राष्ट्रिय परीक्षा बोर्डले दिइरहेको छ । यसबाट समुदायले पनि विद्यालय, शिक्षक र विद्यार्थीको योग्यता क्षमता मापन गर्ने अवसर पाएको छ । ४ लाख ३८ हजार ८ सय ९६ विद्यार्थीमध्ये ६१ दशमलव ८१ प्रतिशत विद्यार्थीहरूले ग्रेड प्राप्त गरेका छन् । गत वर्षको तुलनामा १३ दशमलव ९५ प्रतिशत बढी विद्यार्थी पास भएकाले यो परिणाम चर्चा योग्य रह्यो । यसो त २०८० मा ४७ दशमलव ८६ प्रतिशत मात्र विद्यार्थी उत्तीर्ण हुँदा राज्य सञ्चालकहरूको टाउको दुखाइको विषय बनेको थियो । कार्यदल बनाएरै ७० प्रतिशत विद्यार्थी उत्तीर्ण गराउन प्रधानमन्त्री तहबाट निर्देशन आएपछि गुणस्तरमा भन्दा पनि सजिलो प्रश्न पत्र र खुकुलो परीक्षा प्रणालीको सहारामा यो परिणाम प्राप्त भएको हो भन्ने बुझाइ पनि जनमानसमा देखिन्छ । जे भए पनि राज्य र अभिभावकको खर्बौं लगानी र शिक्षक विद्यार्थीहरूको मिहिनेतबाट प्राप्त परिणामलाई सकारात्मक रूपमा नै लिनु उपयुक्त हुनेछ । यतिखेर एसईई मात्रै होइन, सबै तहमा पास भएका वा नभएका सबैखाले विद्यार्थीहरूको रहर भनौं या बाध्यता वैदेशिक अध्ययन वा रोजगार भएको छ । देशमा रोजगारीको अभाव या साना-ठुला पेसा व्यवसायमा झेल्नुपर्ने अनेकौं सकसका बाबजुद एउटा युवा भर्खर विवाह गरेकी श्रीमती, तोते बोल्दै गरेको सन्तान र उत्तरार्धमा ढल्किँदै गरेका वृद्ध बाबुआमालाई छोडेर विदेशी भूमिमा श्रम बेच्न बाध्य छ । यसबाट राज्यले रेमिटेन्स त प्राप्त गरेको छ तर उसको परिवार, उसको स्वास्थ्य र उसका हजारौं सपनाहरू विखण्डित भएका छन् । परिणामस्वरूप आज समाजमा मनोरोगीहरूको सङ्ख्या बढेको छ । युवाहरू दुर्व्यसनमा फसेका छन् । पारपाचुकेको सङ्ख्या डरलाग्दो गरी बढेको छ र आत्महत्याको दर पनि बढेको छ । आर्थिक सर्वेक्षण २०८०-८१ अनुसार देशभर ३५ हजार ४ सय ७४ विद्यालयहरू छन् । जसमध्ये झन्डै ७३ प्रतिशत अर्थात् २५ हजार ८ सय ७६ सामुदायिक विद्यालयहरू छन्। आर्थिक सर्वेक्षण २०८०-८१ अनुसार सामुदायिक विद्यालयहरूको मात्र कुरा गर्दा २५ हजार ८ सय ७६ मध्ये १५ हजार २ सय ७३ विद्यालयहरूमा १ सयभन्दा कम विद्यार्थीहरू अध्ययन गरिरहेका छन् । यसैगरी ५ सयदेखि १ हजार विद्यार्थी हुने विद्यालयको सङ्ख्या १६ सय ३६, त्यसैगरी १ हजारदेखि १५ सय विद्यार्थी हुने विद्यालयको सङ्ख्या ४ सय ४९ र २ हजारभन्दा बढी विद्यार्थी हुने सामुदायिक विद्यालयहरूको संख्या १ सय मात्र छन् । १ सयभन्दा कम विद्यार्थी हुने १५ हजार १ सय ७३ विद्यालयहरूमध्ये ९० प्रतिशत विद्यालयहरू आधारभूत तहका छन् । विद्यार्थी सङ्ख्याको आधारमा सरकार यिनै आधारभूत विद्यालयहरूलाई केन्द्रमा राखेर मर्ज वा खारेजी गर्ने अभ्यास गरिरहेको छ । विद्यालयको गुणस्तरमा सुधार ल्याई विद्यार्थी सङ्ख्या वृद्धि गर्नेभन्दा पनि मर्जको नाममा दूरदराजमा रहेका साना नाबालकहरूको पढ्न पाउने अधिकारलाई नै प्रत्यक्ष असर पुग्ने गरी सरकार अघि बढिरहेको छ । यद्यपि विद्यालय स्थापना तथा सञ्चालनसम्बन्धी मापदण्ड २०८० अनुसार यो अधिकार स्थानीय सरकारलाई दिइएको छ। मापदण्डको परिच्छेद २ को दफा ३ को उपदफा 'ख' मा भौगोलिक अवस्थितिको आधारमा घर र विद्यालयको दूरीलाई प्राथमिकता दिनुपर्ने कुरा उल्लेख छ । उपदफा ४ को २ मा बालबालिकालाई विद्यालय शिक्षामा पहुँच हुने गरी विद्यालय एकआपसमा गाभिने, बन्द गर्ने, कक्षा घटाउने लगायतका निर्णयहरू लिन सुझाएको छ । गाँस, बास, कपास र शिक्षा, स्वास्थ्य, रोजगार सुनिश्चितताका लागि जीवनोपयोगी ज्ञान निर्माणसहित शिक्षाको गुणस्तरमा सुधार गर्ने । तुलनात्मक लाभका क्षेत्रहरूमा साना-ठूला उद्योगहरूको विकास र विस्तार गरी हरेक वर्ष तयार हुने श्रमशक्तिलाई स्वदेशमा नै रोजगारको बन्दोबस्त गर्ने। खुलेका विद्यालयहरू मर्ज वा बन्द गर्नुभन्दा विशेषत: विकट बस्तीहरूमा भएका विद्यालयहरूको शैक्षिक, भौतिक अवस्थामा सुधार ल्याउने । लगायतका क्षेत्रहरूमा सुधार गर्न सकियो भने विद्यार्थी अभावमा आधारभूत तहदेखि विश्वविद्यालयसम्मलाई परेको असरको न्यूनीकरण गर्न र अध्ययन वा श्रमका लागि बाहिरिने युवा शक्तिलाई नेपालको सर्वाङ्गीण विकासमा सदुपयोग गर्न सकिनेछ । *-रातोपाटी डटकम*

# जेनजी आन्दोलनले त्रिविको बेथितिमा गरेको खबरदारी

गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलन क्रममा ठूलो मानवीय क्षति भयो । माओवादी सशस्त्र युद्धबाहेक आजसम्मका कुनै आन्दोलन वा क्रान्तिमा यति धेरै नागरिकको सहादत भएको थिएन, यति धेरै घाइते भएका थिएनन् । आन्दोलनको आवरणमा भएको विध्वंश, तोडफोड तथा आगजनीले भौतिक, पुरातात्त्विक र आर्थिक क्षेत्रमा अथाह र अपूरणीय क्षति भयो । परिणाम स्वरूप, सामाजिक र मनोवैज्ञानिक जीवनमा भएको आघातले हरेक नेपालीका मनमा कहिल्यै नपुरिने घाउ लागेको छ । एक्काइसौं शताब्दीको सभ्य समाजमा यो घटना कहिल्यै नमेटिने दाग भएको छ । इतिहासले यो आन्दोलनलाई अप्सोच, त्रास र ध्वंशको घटनाका रूपमा मात्र हेर्ने छैन । कवि गोपालप्रसाद रिमालले 'एक जुगमा एक दिन एक पटक आउँछ, उलटपुलट उथलपुथल हेरफेर ल्याउँछ' भनेका थिए । यो आन्दोलन पनि विरलै हुने ऐतिहासिक क्रान्ति हो । यो क्रान्तिले सर्वसाधारण नेपालीको मनमा दशकौंदेखि गुम्सिएको आक्रोश व्यक्त गरेको छ । ठूलो चेम्बरमा थर्पिंदै र गुम्सिँदै गरेको धुवाँको मुस्लो चेम्बर फुटाएर निस्किएझैं भएको छ । यो आन्दोलन दलीय भागबन्डा, कुशासन र भ्रष्टाचारले सीमा नाघेपछि सहनशक्तिको बाँध फुटेर निस्किएको एकमुष्ट आक्रोश हो । जेनजी आन्दोलनले राजनीतिक दललाई आफ्नो संस्कार र क्रियाकलापको निर्मम समीक्षा गर्ने र सुधार्ने मौका दिएको छ । प्रशासन र सार्वजनिक सेवाप्रणाली पारदर्शी र चुस्त बनाउन बलियो पाठ सिकाएको छ । आशा गरौं, यो क्रान्ति राजनीति र सार्वजनिक प्रशासन सुधारको बलियो अस्त्र बन्नेछह यसले नेपाललाई उन्नत बाटोमा हिँडाउन अहिलेसम्मका बेथिति त्यागेर मार्ग परिवर्तन गराउने छ । यस क्रान्तिले हरेक व्यक्ति र संस्थालाई आफ्ना उद्देश्य, कार्यकलाप र संस्कारको गम्भीर समीक्षा गर्न बाध्य पारेको छ । अब पनि हामीले आफ्नो संस्कार र व्यवहार सुधारेनौं भने देशका लागि बलिदान गर्ने ती युवाको आत्माले धिक्कार्ने छ । यस लेखमा मैले आफू कार्यरत संस्था त्रिभुवन विश्वविद्यालय ( त्रिवि) को सुधारमा जेनजी आन्दोलनले गरेको खबरदारी र सन्देशको चर्चा गरेको छु। खबरदारी अहिलेसम्मका बेथितिप्रति हो, बेथितिका सर्जकप्रति हो । पहिले अहिलेसम्मका बेथितिको कुरा गरौं । त्रिवि मुख्यत: २०४६ सालको राजनीतिक परिवर्तनपछि दलीयकरण र भागबन्डाको सिकार बन्यो। उच्चशिक्षाको गर्विलो इतिहास बोकेको यो संस्थामा सरकार परिवर्तनसँगै दलनिकटको नेतृत्व स्थापित गर्ने र सोही बमोजिम सबै निकायको नेतृत्व हत्याउने अभ्यास सुरू भयो । राजनीतिक दलले प्राध्यापक, विद्यार्थी र कर्मचारीका आआफ्ना भ्रातृ संगठन बनाए । ती संगठनलाई पद बार्गेनिङ गर्ने समूहका रूपमा मलजल गरे । हरेक निकायमा र क्याम्पसमा पद हत्याउन र अर्को पक्षलाई निषेध गर्न आ-आफ्ना विद्यार्थी संगठनलाई बाहुबली समूहका रूपमा प्रयोग गरे । विद्यार्थी नेताहरू नियमित अध्ययन सकेर पेसागत जीवनमा प्रवेश गर्नुको सट्टा क्याम्पसमा बसेर पेसेवर नेता हुन थाले । हुँदाहुँदा पछिल्लो चरणमा ती संगठनका कतिपय विद्यार्थी नेताले ठेक्का र कमिसनमा समेत आँखा गाडे, संगठनलाई कमाइखाने भाँडा बनाए । राजनीतिक सामीप्य र पदले शक्ति आर्जन हुने भएपछि एउटै संगठनभित्र पनि गुट अनुसार अलगअलग नेतृत्व बनाए, एकअर्कामा द्वन्द्व र हानाथाप गरे। त्रिविका हरेक निकायले र क्याम्पसले धेरै गुटका अलगअलग नेतासँग 'डिल' गर्नुपर्ने भयो । प्राध्यापकहरू पनि राजनीतिक दल र गुट अनुसार आ-आफ्ना संगठनमा विभाजित भए, सहअस्तित्व र सहकार्यको संस्कृति विकृत भयो । प्राज्ञिक कार्यमा पर्याप्त समय नदिने, संगठनको भेला र काममा बलियो ढंगले सहभागी हुने प्रवृत्ति विकास भयो । प्राध्यापकहरू स्वतन्त्र भएर प्राज्ञिक भूमिका निर्वाह गर्न मुस्किल भयो । फलस्वरूप हामी प्राध्यापकहरू आ-आफूमा विभाजित भयौं। आ-आफूमा विरोधी भयौं । एकले अर्कालाई निषेध गर्न थाल्यौं । आफूलाई सक्षम बनाउनमा भन्दा पनि अरूको विरोध गर्नमा तल्लीन भयौं । फलस्वरूप हामी आफै त्रिविभित्र द्वन्द्व सिर्जना गर्ने कारण बन्यौं । खासगरी २०६२/६३ को जनआन्दोलनपछि 'सहकार्य र सहमति' को आवरणमा विश्वविद्यालयका उपकुलपतिदेखि विभागीय प्रमुखसम्मका पद तीनवटा राजनीतिक दलले भागबन्डा गर्ने प्रवृत्ति विकास भयो । योग्यता र क्षमताका आधारमा ज्यालादारी शिक्षक र कर्मचारी नियुक्त गर्न नसकिने भयो । यसरी नियुक्ति लिएपछि प्रक्रिया पुऱ्याएर स्थायी बनाउन आन्दोलन गर्ने परिपाटी बस्यो । विद्यार्थी, प्राध्यापक र कर्मचारीका अलगअलग संगठनका कारण त्रिविमा योग्य व्यक्तिले अवसर पाउनै छाडे । आफूले भने अनुसार नभए प्राध्यापक, शिक्षक र कर्मचारीका गुटले मूल ढोकामा तालाबन्दी गर्ने परिपाटी विकास भयो । तालाबन्दीले नपुगेर तोडफोड र आगजनी हुन थाल्यो । क्याम्पस प्रमुख वा विभागीय प्रमुखले त्रास र अपमानको भारी बोकेर काम गर्नुपर्ने भयो । आन्दोलन र तालाबन्दीको अर्को नाम नै त्रिवि हुन पुग्यो । २०७७/७८ ताका केन्द्रीय कार्यालयमा २८ महिनामा १८२ दिन तालाबन्दी भएर त्रिविमा एउटा दु:खद इतिहास बन्यो । स्थायी नियुक्तिका लागि सेवा आयोग पनि स्वतन्त्र हुन सकेन। विज्ञहरू पनि भागबन्डामै बोलाउने परिपाटी बस्यो। परीक्षाको प्रक्रिया र विधिमा अनियमितता हुन थाल्यो। उत्तरपुस्तिकामा नम्बर घटाउने र थप्ने घटना भए । अन्तत: अख्तियार दुरूपयोग अनुसन्धान आयोग र अदालतले सेवा आयोगका पदाधिकारी र प्राध्यापकलाई नै सजाय गर्नुपर्ने स्थिति आयो । यस्तो बेथितिसँगै ज्ञानको मन्दिरमा मर्यादित संस्कार हराउँदै गयो । स्वार्थसिद्ध गर्न प्राध्यापकले बाहुबली विद्यार्थीको शरण लिने, विद्यार्थी संगठनलाई प्रयोग गरी निर्णयकर्तालाई धम्की दिने र अपमान गर्ने प्रवृत्ति विकास भयो । हुँदाहुँदा विद्यार्थीले प्राध्यापकमाथि मरणासन्न हुने गरी कुटपिट गर्न थाले । पर्दापछाडि प्राध्यापक र राजनीतिक संगठनद्वारा हिंसाका लागि उक्साउने र मलजल गर्ने काम भयो । यो भयो बेथिति र विसंगतिको कुरा । यो मात्रै त्रिविको परिचय होइन । यहाँ धेरै राम्रा काम पनि भएका छन् । धेरै प्राध्यापक, कर्मचारी र विद्यार्थीले अनुकरणीय र उदाहरणीय काम गरेका छन् । विकृति र विसंगति हुर्किँदै गएपछि राम्रा कामले त्रिविको गर्विलो इतिहास बचाउन सकेन । जेनजी आन्दोलनको मुख्य उद्देश्य यस्तै दलीयकरण र भागबन्डाको चरम बेथिति जरैदेखि उखाल्नु हो । यसमा सम्बन्धित सबैको आँखा खुल्नु जरूरी छ । त्रिवि सुधारका लागि यस आन्दोलनले कसलाई के के सन्देश दिएको छ, यहाँ त्यसको चर्चा गरेको छु । अब पदाधिकारीले यथास्थिति र टालटुले काम छाडेर तीव्र गति लिनुपर्छ र प्राज्ञिक संस्कृति निर्माणको नेतृत्व गर्नुपर्छ । उपकुलपति, शिक्षाध्यक्ष, रजिस्ट्रार, डिन, कार्यकारी निर्देशक र क्याम्पस प्रमुखले आ-आफ्ना संस्थामा भएका बेथिति र विकृतिको निर्मम समीक्षा गर्नुपर्छ । त्यस अनुसार सुधारको मार्गचित्र तयार गरी कार्यान्वयन गर्नुपर्छ । उपकुलपति, शिक्षाध्यक्ष र रजिस्ट्रारलाई एकमुस्ट अनुरोध छ– अब विश्वविद्यालय सुधारका लागि सर्वपक्षीय गोलमेच छलफल चलाउनुहोस् । प्राध्यापक, कर्मचारी र विद्यार्थीका सबै संगठनलाई विश्वविद्यालय सुधारका निम्ति आआफ्ना अवधारणा र प्रतिबद्धता लिएर आउन आह्वान गर्नुहोस् । सबैको अवधारणामा छलफल गर्न फोरम तयार गर्ने र नेतृत्व दिने काम तपाईंहरूको हो । त्यहाँ अन्तरसमूह छलफल होओस्, सुधारको साझा मार्गचित्र तयार होओस् । तत्कालीन र दीर्घकालीन कार्ययोजना र कार्यविधि तयार होओस् । ऐनद्वारा संशोधन गर्नुपर्ने प्रावधानको खाकासमेत तयार होओस्। त्यस्तो खाका निर्वाचनपछि बन्ने संसद र सरकारका लागि त्रिवि सुधारको मूल आधार बनोस् । त्यस्तो साझा मार्गचित्र र कार्ययोजनामा सबैको हस्ताक्षर र प्रतिबद्धता रहोस्। तपाईंहरूको कार्यकालमा उल्लिखित बेथितिहरू पूर्ण रूपले निर्मूल होऊन् । पेसागत रूपमा प्राध्यापकलाई सुम्पिएका दुई महत्त्वपूर्ण जिम्मेवारी छन् । ती हुन् विचार-ज्ञान निर्माण र सम्प्रेषण । प्राध्यापक विशुद्ध रूपमा यही काममा केन्द्रित हुनुपर्छ । प्राध्यापकका संगठनले राजनीतिक दलको पुच्छर भएर पद र सुविधाका लागि ढोका ढकढक्याउन र नेताको चाकरी गर्न बन्द गर्नुपर्छ । मागपत्र तेर्स्याउन, तालाबन्दी गर्न र पदाधिकारीलाई तर्साउन बन्द गर्नुपर्छ । हरेक काम प्राज्ञिक र बौद्धिक सीमाभित्र रहेर गर्नुपर्छ । प्राध्यापकका वैचारिक संगठनले राजनीति दलको भ्रातृ संगठनको जस्तो काम गर्न बन्द गरी संगठनको उद्देश्य प्रस्ट पार्नुपर्छ । वैचारिक संगठनका रूपमा दाबी गर्ने हो भने दर्शन र विचारमा बहस गर्नुपर्छ। पाठ्यक्रम, शैक्षिक कार्यक्रम र विद्यार्थी मूल्यांकनमा समयानुकूल सुधारका बारेमा छलफल चलाउनुपर्छ । अध्ययन-अनुसन्धानमार्फत ज्ञान निर्माण र प्रकाशनको नेतृत्व गर्नुपर्छ । अध्ययन-अनुसन्धानका लागि बजेट खोज्ने, ज्ञान सम्मेलन आयोजना गर्ने जस्ता काममा लाग्नुपर्छ । यस्ता कामको वार्षिक क्यालेन्डर तयार गरी कार्यान्वयन गर्न सके मात्र संगठनको औचित्य रहन्छ । व्यक्तिगत रूपमा हरेक प्राध्यापकले आफूले काम गर्ने संस्था र कार्यक्रममा आफूले विशिष्ट योगदान गर्ने अठोट गर्नुपर्छ, त्यस अनुसार काम गर्नुपर्छ । हरेक प्राध्यापकले आफूलाई संगठन, राजनीतिक दल र गुटभन्दा माथि राखेर आफ्नो प्राज्ञिक पहिचान र योगदानका विषयमा सोच्नुपर्छ । नियमित शिक्षणका अतिरिक्त आफूले ज्ञान निर्माण, प्रकाशन र सम्प्रेषणको विधिद्वारा यथेष्ट योगदान गर्नुपर्छ । विद्यार्थीको मूल कार्य अध्ययन, सिकाइ र व्यक्तित्व विकास हो। विश्वविद्यालयमा हरेक विद्यार्थीले आफूले चाहेको विषयगत र पेसागत क्षेत्रमा आवश्यक ज्ञान, सीप, व्यवहार र व्यक्तित्व निर्माण गर्न आफ्नो समय र ऊर्जा खर्च गर्नुपर्छ । विद्यार्थी संगठनहरू विश्वविद्यालयमा समस्याको कारण होइन, समाधान बन्नुपर्छ । जेनजी आन्दोलनका क्रममा त्रिवि केन्द्रीय क्याम्पस लगायत धेरै क्याम्पसमा विद्यार्थी संगठनका बोर्ड किन जलाइए ? यो प्रश्नको जबाफ खोज्न जरूरी छ । यो आन्दोलनले हरेक नेपालीसँग प्रश्न राखेको छ – हामी पुराना बेथितिमा रमाएर बस्ने कि एकजुट भएर सुसंस्कृत र समृद्ध नेपाल बनाउने ? हामीले जेनजी आन्दोलनलाई सुधारको खबरदारी मान्दै साझा प्रतिबद्धता र स्पष्ट मार्गचित्रमा आधारित भएर कार्यशैली बदल्यौं भने त्रिविले पुन: आफ्नो गौरवशाली पहिचान फर्काउन सक्नेछ, नेपाली उच्च शिक्षाको गौरव विश्वस्तरमा पुऱ्याउन सक्नेछ । जेनजी आन्दोलनको गहिरो र दीर्घकालीन सन्देश हो- अहिलेसम्मका बेथिति उन्मूलन गरौं र गतिशील बनौं । *-सेतोपाटी डटकम*

# महाकवि लक्ष्मीप्रसाद देवकोटा जयन्ती मनाइँदै



**पाल्पा,** असोज २/महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११७ औं जन्मजयन्ती आज स्वदेश र विदेशमा विभिन्न कार्यक्रम गरी मनाइँदैछ । महाकवि देवकोटाको जन्म विसं १९६६ मा कात्तिक कृष्णाऔंसी अर्थात् लक्ष्मीपूजाका दिन काठमाडौं डिल्लीबजारमा भएको थियो । दस वर्षको उमेरमा कविता लेख्न सुरू गरेका देवकोटाका थुप्रै महाकाव्य, खण्डकाव्य, निबन्ध, कथा, नाटक, उपन्यास, गीत, समालोचना र फुटकर कविता प्रकाशित छन् ।

नेपाली साहित्यमा आधुनिक महाकाव्य लेखनको थालनी गरेका देवकोटाको 'मुनामदन' खण्डकाव्य नेपाली भाषामा प्रकाशित सबैभन्दा बढी बिकेको पुस्तक हो । नेपाली साहित्यमा स्वच्छन्दतावादी-प्रगतिवादी धाराका प्रवर्तक देवकोटाका रचनामा मानवतावाद, प्रकृतिप्रेम र क्रान्तिकारिता झल्कन्छ । उनमा पूर्वीय र पाश्चात्य दर्शनको संयोजन पाइन्छ । भारतका महापण्डित राहुल साांकृत्यायनले देवकोटा एक्लैलाई भारतका महाकवि सुमित्रानन्दन पन्त, जयशंकरप्रसाद र सूर्यकान्त निरालाको संयुक्त रूपसाग तुलना गरेका थिए भने नाट्य सम्राट बालकृष्ण समले देवकोटा 'मुनामदन', 'शाकुन्तल' महाकाव्य र 'पागल' कवितासँगै तीनपटक जन्मेको बताएका थिए । विदेशी भाषामा नेपाली कृतिको अनुवाद र विदेशमा भएका विभिन्न सम्मेलनमा नेपालको प्रतिनिधित्व गरी नेपाली साहित्यको विश्वव्यापी प्रचारप्रसारमा समेत देवकोटाले महत्त्वपूर्ण योगदान दिएका थिए । विसं २०१६ मा शिक्षा तथा स्वायत्त शासनमन्त्री हुँदा नेपालभर नेपाली भाषालाई अनिवार्य विषयका रूपमा लागू गर्नू/गराउनू र वर्तमान नेपाल प्रज्ञा प्रतिष्ठानको स्थापनामा सक्रिय योगदान दिनु देवकोटाका अविस्मरणीय देन हुन् । तीन महिनामा 'शाकुन्तल' महाकाव्य, दस दिनमै 'सुलोचना' महाकाव्य र एकै दिनमा 'कुञ्जिनी' खण्डकाव्य लेखेका देवकोटामा तुरुन्त कविता लेख्न सक्ने क्षमता थियो । देवकोटाको कविप्रतिभा, कविताको गुणात्मक मूल्य र संख्यात्मक योगदानको चर्चा आज पनि हुन्छ । चरम आर्थिक अभाव र पारिवारिक वियोगसँगै राजनीतिक सक्रियताकाबीच पनि उच्चस्तरका साहित्य नेपाल र नेपालीलाई प्रदान गर्नु उनको साहित्यिक विशेषता मानिन्छ ।

## तिहारलाई झिनियाँ...

...सोही ठाउँकी नारायणीदेवी बज्राचार्यले पनि तीन दशकदेखि झिनियाँ बिक्री-वितरण गर्दै आएकी छन् । दसैं-तिहारमा मात्रै साढे तीनदेखि ६ लाखको झिनियाँ बिक्री हुने उनको भनाई छ । ब्रजाचार्यले बजारको कुनै समस्या नै नभएकाले उत्पादन गर्न सके राम्रो नै आम्दानी हुने बताइन् । उनी जस्तै टक्सार टोलका अन्य महिलाहरुले पनि झिनियाँ बनाएरै राम्रो आम्दानी गर्दै आएका छन् । अधिकाश नेवारी बस्तीमा झिनियाँ रोटी बनाउने साना घरेलु उद्योगहरू नै सञ्चालनमा छन् । तिहारमा दाजुभाइलाई टीका लगाइदिएपछि रोटीका रुपमा झिनियाँ तेलमा फुराएर सेलरोटी, फिनी रोटीसँगै खुवाउने चलन रहेकाले झिनियाँको व्यापार फस्टाउँदो छ । दसैं अघिदेखि नै झिनियाँ रोटी बनाउने र बिक्री गर्दै आएको रामपुर नगरपालिका-५ की लक्ष्मी श्रेष्ठले बताइन् । उनले रोटीको माग अत्याधिक रहेकाले बजारको कुनै समस्या नरहेको बताइन् । "हामीले बनाउने रोटी पुऱ्याउनै नसक्ने अवस्था छ," श्रेष्ठले भनिन् "धेरै स्थानबाट माग आउने गर्छ । तर पठाउन सबैलाई सक्दैनौं ।" आफैंले उत्पादन गरेको नपुगेर अन्य महिलाले बनाएको खरिद गरेर समेत पठाउने गरेको उनले सुनाइन् । पाल्पाबाट उत्पादित झिनियाँ गुल्मी, स्याङ्जा, पर्वत, रुपन्देही, अर्घाखाँची, नवलपरासी, कपिलवस्तु, कास्की, तनहुँलगायतका जिल्लामा ठूलो मात्रमा आयात हुँदै आएको झिनियाँ व्यवसायी बताउँछन् ।

## आज लक्ष्मी पूजा...

...पाइलैपिच्छे केराको सुत्लो अथवा माटाको पालामा दीप प्रज्वलन गरी झिलीमिली बनाइन्छ । दीपावलीगरिसकेपछि पूजा कोठामा दियो, कलश र गणेशसहित लक्ष्मी स्थापना गरेर गरगहना, पैसा, धान, चामल, फलफूल, सेलरोटी र फूलमाला चढाई विधिपूर्वक लक्ष्मीको पूजा गरिन्छ । आज घरमा लक्ष्मी पूजा गरेपछि धनदौलत वा अन्य सामान घरबाहिर पठाए लक्ष्मी बाहिर जान्छिन् भन्ने धार्मिक विश्वास छ । आज साँझ युवतीहरू समूह बनाई घर-घरमा भैलो खेल्छन् । भगवान् विष्णुले यमपञ्चकको पाँच दिन स्वर्ग, मर्त्य र पाताल तीनै लोकको शासन गर्ने वरदान पाएका बलिराजाले भलो होस् भनी घर-घरमा गाउन लगाएको सम्झनामा भैलो खेल्ने गरिएको हो । आज भैलो खेल्न आउनेलाई धान, चामल, फूलमाला, पैसा र सेलरोटी दिइन्छ । भैलो खेल्न आउनेलाई दिइने दान कात्तिकको दान भएकाले नदिएमा राम्रो नहुने र दिएमा पुण्य प्राप्त हुने धार्मिक विश्वास छ । लक्ष्मी पूजाका अवसरमा आज सहरबजारमा दीपावली गरी झिलीमिली बनाइन्छ । कूल परम्पराअनुसार कतै आजै बिहान गाईको पूजा गर्ने प्रचलनसमेत छ । यस्तै आजै बिहान नदी, तलाउ वा धारामा गई स्नान गरेर सालका पातमा यमदीप दक्षिण दिशामा फर्काई बालेर बगाउने गरिन्छ । यसरी नरक बगाएमा नरक जान नपर्ने शास्त्रीय मान्यता छ । अर्कोतर्फ इमान्दारीपूर्वक घरको पहरेदारको रुपमा खटिने कुकुरलाई आज पूजा गरेर मिठा खानेकुरा खान दिएमा यमलोकको यात्रा गर्दा बाटोमा अवरोध नहुने धार्मिक विश्वास छ ।

**काग तिहार मनाइयो**

आइतबार बिहान कागलाई मिठामिठा खानेकुरा खान दिई पूजा गरेर काग तिहार मनाइएको छ । कात्तिक कृष्ण त्रयोदशीकै दिन आयुर्वेदका प्रणेता धनवन्तरी जयन्ती पनि मनाइएको छ । समुद्र मन्थनबाट उत्पत्ति भएका आयुर्वेदका प्रवर्तक धन्वन्तरीको सम्झनामा धन्वन्तरी दिवस मनाउने गरिन्छ । देवता र दानव मिलेर वासुकी नागको नेती र मन्दराचल पर्वतको मदानी बनाई समुद्र मन्थन गर्दा धन्वन्तरीको उत्पत्ति भएको पुराणमा उल्लेख छ ।

### खेलकुद समाचार

## अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालाको काम ४० प्रतिशत सम्पन्न



**काठमाडौं,** कात्तिक २/चितवनको भरतपुरमा निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालाको काम ४० प्रतिशत सम्पन्न भएको छ । भरतपुर महानगरपालिकाले प्रदेश र सँघीय सरकारको सहयोगमा रङ्गशाला निर्माण गरिरहेको हो । भरतपुर महानगरका इन्जिनियर घनश्याम मिश्रका अनुसार अहिले प्याराफिट र दुई वटै टावरको दोस्रो तलाको काम भइरहेको छ । प्याराफिट र टावरमा फर्मा र डन्डी बाँध्ने काम भइरहेको जनाउँदै उनले टावरको पर्खाल निर्माण गर्ने कामसमेत भइरहेको बताए । धुर्मुस-सुन्तली फाउन्डेशनले काम गर्न नसकेपछि महानगरलाई यो परियोजना पालिकामा हस्तान्तरण भएको थियो । हिमालयन कालिञ्चोक बीबीआर जेभीले रङ्गशाला निर्माणको जिम्मा पाएको छ । २०८३ सालको पुस २२ गतेसम्ममा रङ्गशाला निर्माण सम्पन्न गर्नेगरी ७८ करोड ५० लाख ९१ हजार एक सय ८९ रुपैयाँमा ठेक्का लगाएको महानगरले जनाएको छ । पहिलो चरणको काम सम्पन्न भएपछि अन्तर्राष्ट्रियस्तरका खेल आयोजना गर्न सकिनेछ । पहिलो चरणमा जम्मा १५ हजार जना दर्शक अट्ने प्याराफिट, दुई वटा भीआईपी टावर, मैदानसहित पाँच वटा पिच, ड्रेनेज अर्थात् पानी निकास, रेलिङ, बाटो, पार्किङ क्षेत्र निर्माण गरिने महानगरका इन्जिनियर मिश्रले जानकारी दिए । उनका अनुसार थप क्षमताका लागि दोस्रो चरणमा काम गरिनेछ । त्रिभुवन विश्वविद्यालयका नाममा रहेर कृषि तथा वन विज्ञान विश्वविद्यालयले उपयोग गरिरहेको २० बिघा १९ कट्ठा जमिनमा रङ्गशाला निर्माण भइरहेको हो । यो भरतपुर महानगरपालिका वडा नम्बर १५ मा पर्दछ ।

**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## नेप्से सामान्य अङ्कले बढ्यो



**काठमाडौं,** कात्तिक २/यो साता कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक १६ दशमलव ६७ अङ्कले बढेर दुई हजार ५०३ दशमलव ८५ को बिन्दुमा कायम भएको छ । आइतबार ३२३ कम्पनीको ६१ लाख ९९ हजार ९२९ कित्ता शेयर २८ हजार ७३७ पटक खरिदबिक्री हुँदा कारोबार रकम रु दुई अर्ब ७९ करोड ११ लाख ८९ हजार ९०९ मा खुम्चिएको छ ।

आइतबार विकास बैंक समूह शून्य दशमलव २१, म्युचुअल फण्ड शून्य दशमलव १३ र निर्जीवन बिमा समूह शून्य दशमलव ३४ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । बैंकिङ शून्य दशमलव ८७, वित्त शून्य दशमलव ५१, होटल तथा पर्यटन शून्य दशमलव ७२, जलविद्युत् शून्य दशमलव ७०, लगानी शून्य दशमलव ७५, जीवन बिमा शून्य दशमलव ३३, उत्पादन तथा प्रशोधन शून्य दशमलव ९०, लघुवित्त शून्य दशमलव ४७, व्यापार शून्य दशमलव ९० र अन्य समूह एक दशमलव १६ प्रतिशतले बढेको छ । आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी हिमालयन ८०-२० को शेयर मूल्य छ दशमलव १० प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा आइतबार सबैभन्दा बढी नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको रु २८ करोड १० लाख ९४ हजार ३६५ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा बढी युनियन हाइड्रोपावर लिमिटेडको तीन लाख ४४ हजार ६९८ कित्ता शेयर खरिदबिक्री भएको छ ।

**चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।**

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,

-पर्याप्त संख्या र नियमितरुपमा सवारीसाधन सञ्चालन गरौं,

-सवारी साधनमा अनावश्यक भिडभाड नगरौं,

-सवारी साधनमा क्षमताभन्दा बढी यात्रु नचढौं/नचढाऔं,

-सवारी साधनको छतमा बसेर यात्रा नगरौं,

-सवारी साधनको नियमित मर्मत तथा परीक्षण गरौं,

-मादक/लागू पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।

दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं !



नेपाल सरकार

**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई